नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## <u>उजुरी गुनासो सम्बोधनको लागि गरिएको निरीक्षण अनुगमन सम्बन्धी विवरण</u>

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासोको सम्बोधनको लागि आकस्मिक (र्‍यापिड रेस्पोन्स मोडालिटीमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा, गुनासोमा उल्लेखित खाद्य व्यवसायको मिति २०८३/०१/०४ गते अनुगमन निरीक्षण गरी देहाय बमोजिम आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | उजुरीको विवरण | अनुगमन मिति र अवस्था | निर्देशन /कारबाही |
|---|---|---|---|---|
| १. | आकाश खाद्यान्न स्टोर, चन्द्रागिरी-११ | म्याद गुज्रेका खाद्य पदार्थहरूको स्टक राखेको र विक्रि वितरण गरेको | • मिति २०८३/०१/०४ मा आकाश खाद्यान्न स्टोरको स्थलगत अनुगमन तथा निरिक्षण गर्दा उजुरी बमोजम आकाश खाद्यान्न स्टोरले खाद्य पदार्थहरूको स्टक राखेको र म्याद गुज्रेका विक्रिवितरण गरेको नपाइएको। | • Expire zone को व्यवस्थापन गर्ने<br>• उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ विक्रि वितरण नगर्ने र नियमित रूपमा खाद्य पदार्थको लेबल विवरण हेर्ने । |
| २. | अन्नपूर्ण मिनरल वाटर, इन्डस्ट्रिज, चन्द्रागिरी-८ | जारको पानीमा फोहोर भेटिएको | • मिति २०८३/०१/०४ गते स्थलगत अनुगमन तथा निरिक्षण गर्दा प्रशोधन कक्षमा पाईपहरु लिकेज भएको<br>• प्रशोधन कक्षमा टायलहरु टुटेफुटेको पाईएको<br>• पुनः प्रयोग गर्ने जार सरसफाईमा क्लोरिन पानीको प्रयोग गरेको<br>• उजुरी बमोजिम स्थलगत निरीक्षण गर्दा पुनः प्रयोग हुने जारहरुमा फोहोर जमेको, लेउ लागेको नपाईएको। | • प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड सम्बन्धि निर्देशिका, २०७४ बमोजिम कार्य गर्न हुन<br>• प्रयोगशाला परिक्षणका लागि प्रशोधित पिउँने पानीको नमूना संकलन गरियो। |
| ३. | दाजु भाइ स्वीट्स, कलंकी-१४ | Hydro नामक र अन्य अखाद्य रसायन प्रयोग गरेको | • मितिः २०८३/०१/०४ गते स्थलगत अनुगमन तथा निरिक्षण गर्दा सरसफाई सामान्य रहेको<br>• Pest control को व्यवस्थापन नरहेको<br>• कृत्रिम रंगको जथाभाबी प्रयोग गरेको<br>• उजुरी बमोजिम hydro नामक र अन्य रसायनव प्रयोग गरेको नपाईएको | • कृत्रिम रंगको जथाभाबी प्रयोग नगर्ने र नियमन गर्न Standard Operating Process बनाई लागु गर्ने<br>• Pest Control व्यवस्थापन गर्ने। |

Bharma

डा. बाल कुमारी शर्मा

बरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०१/१०

<u>अनुगमनका केही झलकहरू</u>





